सूचनाको हक सम्बन्धी ऐन २०६४ को दफा ५(३) र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण

स्वतः प्रकाशन (२०८३ बैशाख देखि २०८३ असार)

बागमती प्रदेश सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

कृषि विकास निर्देशनालय

बागवानी विकास केन्द्र,नुवाकोट

विदुर, नुवाकोट

Web: www.hdctrishuli.bagamati.gov.np

Email : horticentertrishuli@gmail.com

सूचनाको हक सम्बन्धी ऐन २०६४ को दफा ५(३) र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण

सूचना सार्वजनिक गर्ने निकायको नामः बागवानी विकास केन्द्र, विदुर, नुवाकोट

सूचना सार्वजनिक गरेको अवधिः २०८३ बैशाख देखि २०८३ असार

१. निकायको संगठनात्मक स्वरुप र प्रकृति

बागवानी विकास केन्द्र, नुवाकोट बागमती प्रदेश सरकारको कृषि तथा पशुपन्छी विकास मन्त्रालय अन्तर्गतको सरकारी निकाय हो। यसको संगठनात्मक स्वरुप यस प्रकार रहेको छ ।



२. निकायको काम, कर्तव्य र अधिकार

- विभिन्न उष्ण तथा उपोष्ण जातका फलफूल (मेकाडेमियानट,एभोकाडो, मेवा, ड्रागनफ्रुट,आँप, लिची, अनार, अम्बा, निबुवा, चस्मे कागती लगायत) को स्रोत केन्द्रको रुपमा कार्य गर्ने।
- विभिन्न उष्ण तथा उपोष्ण जातका फलफूद (मेकाडेमियानट, एभोकाडो, मेवा, ड्रागनफ्रुट,आँप, लिची, अनार, अम्बा, निबुवा, चस्मेकागती लगायत) को गुणस्तरिय बिरुवा उत्पादन तथा विक्री वितरण गर्ने।
- विभिन्न जातका तरकारी (काउली समूह, घीउ सिमी, चौमासे सिमी, बोडी लगायत) र मसला बालीका मूल एवं उन्नत बीउ तथा गुणस्तरीय बेर्ना उत्पादन तथा विक्री वितरणा गर्ने।
- आलुको पूर्व मूल बीउ, मूल बीउ तथम उन्नत बीउ उत्पादन एवम् बिक्रि वितरण गर्ने।
- कफि जर्मप्लाज्म संकलन,संवर्द्धन तथा गुणस्तरीय कफि बेर्ना उत्पादन तथा विक्री वितरण गर्ने।

- स्थानीय मागको आधारमा विभिन्न मौसमी तथा बहु वर्षिय आलांकारिक बिरुवाहरु उत्पादन तथा विक्री वितरण गर्ने।
- बिभिन्न जातका भूगोल सुहाँउदो उन्नत जात तथा स्थानीय बागवानी बालीहरुको जर्मप्लाज्म संकलन, सम्बर्द्धन तथा प्रवर्द्धन गर्ने ।
- केन्द्रको प्रभाव क्षेत्रमा रहेका निजी नर्सरीहरुमा गुणस्तरीय बिरुवा उत्पादन गर्नको लागि प्राविधिक सहयोग, सुपरिवेक्षण तथा अनुगमन गर्ने।
- केन्द्र परिसर तथा कमाण्ड क्षेत्रमा बगैंचा व्यवस्थापन तथा प्रविधि प्रदर्शन मार्फत गुणस्तरीय फलफूल, तरकारी तथा मसलाबाली उत्पादन प्रविधि विकास तथा प्रसार गर्ने ।
- फार्म केन्द्रमा रहेका भौतिक संरचनाको संरक्षण तथा अधुनिक प्रविधिको अनुसरण गर्दै विकास गर्ने ।
- केन्द्रको प्रभाव क्षेत्रमा कृषि ज्ञान केन्द्र तथा स्थानीय तहसँग समन्वय गरी बागवानी विकास सम्बन्धी कृषि प्रसार गतिविधि सञ्चालन गर्ने तथा कमाण्ड क्षेत्रका कृषि ज्ञान केन्द्रहरु तथा स्थानीय तहहरुलाई सम्बन्धित विषयमा प्राविधिक परामर्श उपलब्ध गराउने ।
- फलफूल, तरकारी तथा मसालाबाली खेती सम्बन्धि सैद्धान्तिक तथा व्यवहारिक तालिम प्रदान गर्ने।
- कृषि स्नातक तथा जे.टी/जे.टी.ए. कोर्ष अध्ययनरत विद्यार्थीहरुका लागि इन्टर्नसिप तथा कार्यगत तालिम कार्यक्रम संचालन गर्ने ।
- केन्द्र सँग सम्बन्धित बाली वस्तुमा कृषि उद्यम तथा व्यवसाय सन्चालन गर्न चाहनेहरुको लागि व्यवसाय विकास सेवा उपलब्ध गराउने ।
- संघीय तथा प्रदेश मन्त्रालय अन्तर्गत संचालन हुने फलफूल, तरकारी तथा मसलाबालीको उत्पादन, बीउ र बिरुवा सम्बन्धि कार्यमा सहयोग गर्ने ।
- प्रदेश स्तरमा बागवानी विकास सम्बन्धि नीति तथा कार्यनीति तयार गर्न कृषि तथा पशुपन्छी विकास मन्त्रमलय र कृषि विकास निर्देशनालयलाई सुझाव र सल्लाह दिने ।
- सरोकारवालाहरुसँग आवश्यक समन्वय गरि केन्द्रसँग सम्बन्धित बाली वस्तुमा विकसित नविनतम प्रविधिको फिल्ड परीक्षण गर्ने ।
- केन्द्र परिसर वा कमाण्ड क्षेत्र भित्र सम्बन्धित बालीको उत्पादन तथा उत्पादनोपरान्त प्रविधि सम्बन्धि समस्यामा आधारित स-साना कार्यमुखि(action oriented) अध्ययन, परिक्षणका क्रियाकलापहरु संचालन गरि प्रचार प्रसार गर्ने ।
- कृषि तथा पशुपन्छी विकास मन्त्रालय र कृषि विकास निर्देशनालयले तोकेको बागवानी सम्बन्धी अन्य कार्यहरु गर्ने ।

३. निकायमा रहने कर्मचारी संख्या

क्र.स	पद	तह	समूह	दरवन्दी संख्या	पदपुर्ति संख्या	रिक्त संख्या	कैफियत
१.	वरिष्ठ बागवानी विकास अधिकृत	नवौं/दशौं (प्रा.)	बागवानी	१	१	-	
२.	बागवानी विकास अधिकृत	सातौं/आठौं (प्रा.)	बागवानी	१	१	-	
३.	प्राविधिक सहायक	सहायक-५, अधिकृत-६	बागवानी	५	४	१	

क्र.स	पद	तह	समूह	दरवन्दी संख्या	पदपुर्ति संख्या	रिक्त संख्या	कैफियत
४.	सहायक/अधिकृत	सहायक-५, अधिकृत-६	लेखा	१	१	-	
५.	नायव प्राविधिक सहायक	सहायक-४/५	बागवानी	२	२	-	
६.	सहायक	सहायक-४/५	सामान्य प्रशासन	१	-	१	
७.	कार्यालय सहयोगी	तह विहिन	सामान्य प्रशासन	५	५	-	
८.	हलुका सवारी चालक	तह विहिन	सामान्य प्रशासन	१	१	-	करार
	जम्मा			**१७**	**१५**	**२**	

४. निकायबाट प्रदान गरिने सेवा

- प्राविधिक सेवा टेवा तथा उन्नत कृषि प्रविधि प्रसार
- विभिन्न सदावहार जातका फलफूलका गुणस्तरीय बोट विरुवा उत्पादन गरी कृषकहरुलाई विक्री वितरण गर्ने
- कृषक स्तर सीप/क्षमता विकास तालिम
- फलफूलका उन्नत तथा स्थानीय जर्मप्लाज्म संकलन तथा सम्वर्द्धन
- उच्च गुणस्तरको तरकारी मूल एवम् उन्नत बीउ उत्पादन गरी कृषकहरुलाई विक्री वितरण गर्ने
- संभावना भएका फलफूलहरुको विकास तथा विस्तारका कार्यहरु गर्ने
- स्थानीय मागका आधारमा विभिन्न मौसमी तथा बहु वर्षिय आलंकारिक विरुवाहरु उत्पादन एवंम विक्री वितरण गर्ने

. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवारी

हाल केन्द्रले सञ्चालन गरिरहेका मुख्य मुख्य क्रियाकलापहरु तथा कार्य विवरण तपसिल अनुसार रहेका छन्:

<u>प्राविधिक शाखा</u>

- ✓ विभिन्न उष्ण तथा उपोष्ण जातका फलफूद (मेकाडेमियानट, एभोकाडो, मेवा, ड्रागनफ्रुट,आँप, लिची, अनार, अम्बा, निबुवा, चस्मे कागती लगायत) को स्रोत केन्द्रको रुपमा कार्य गर्ने ।
- ✓ विभिन्न उष्ण तथा उपोष्ण जातका फलफूद (मेकाडेमियानट, एभोकाडो, मेवा, ड्रागनफ्रुट,आँप, लिची, अनार, अम्बा, निबुवा, चस्मे कागती लगायत) को गुणस्तरिय बिरुवा उत्पादन तथा विक्री वितरण गर्ने ।
- ✓ विभिन्न जातका तरकारी (काउली समूह, घीउ सिमी, चौमासे सिमी, बोडी लगायत) र मसला बालीका मूल एवं उन्नत बीउ तथा गुणस्तरीय बेर्ना उत्पादन तथा विक्री वितरणा गर्ने ।
- ✓ अलुको पूर्व मूल बीउ, मूल बीउ तथम उन्नत बीउ उत्पादन एवम् बिक्री वितरण गर्ने ।
- ✓ कफि जर्मप्लाज्म संकलन,संवर्द्धन तथा गुणस्तरीय कफि बेर्ना उत्पादन तथा विक्री वितरण गर्ने ।
- ✓ स्थानीय मागको आधारमा विभिन्न मौसमी तथा बहु वर्षिय आलांकारिक बिरुवाहरु उत्पादन एवम् बिक्री वितरण गर्ने ।
- ✓ बिभिन्न जातका भूगोल सुहाँउदो उन्नत जात तथा स्थानीय बागवानी बालीहरुको जर्मप्लाज्म संकलन, सम्बर्द्धन तथा प्रवर्द्धन गर्ने ।
- ✓ केन्द्रको प्रभाव क्षेत्रमा रहेका निजी नर्सरीहरुमा गुणस्तरीय बिरुवा उत्पादन गर्नको लागि प्राविधिक सहयोग, सुपरिवेक्षण तथा अनुगमन गर्ने ।
- ✓ केन्द्र परिसर तथा कमाण्ड क्षेत्रमा बगैंचा व्यवस्थापन तथा प्रविधि प्रदर्शन मार्फत गुणस्तरीय फलफूल, तरकारी तथा मसलाबाली उत्पादन प्रविधि विकास तथा प्रसार गर्ने ।
- ✓ फार्म केन्द्रमा रहेका भौतिक संरचनाको संरक्षण तथा अधुनिक प्रविधिको अनुसरण गर्दै विकास गर्ने ।

- ✓ केन्द्रको प्रभाव क्षेत्रमा कृषि ज्ञान केन्द्र तथा स्थानीय तहसँग समन्वय गरी बागवानी विकास सम्बन्धी कृषि प्रसार गतिविधि सञ्चालन गर्ने तथा कमाण्ड क्षेत्रका कृषि ज्ञान केन्द्रहरु तथा स्थानीय तहहरुलाई सम्बन्धित विषयमा प्राविधिक परामर्श उपलब्ध गराउने ।
- ✓ फलफूल, तरकारी तथा मसालाबाली खेती सम्बन्धि सैद्धान्तिक तथा व्यवहारिक तालिम प्रदान गर्ने ।
- ✓ कृषि स्नातक तथा जे.टी/जे.टी.ए. कोर्ष अध्ययनरत विद्यार्थीहरुका लागि इन्टर्नसिप तथा कार्यगत तालिम कार्यक्रम संचालन गर्ने ।
- ✓ केन्द्र सँग सम्बन्धित बाली वस्तुमा कृषि उद्यम तथा व्यवसाय सन्चालन गर्न चाहनेहरुको लागि व्यवसाय विकास सेवा उपलब्ध गराउने ।
- ✓ संघीय तथा प्रदेश मन्त्रालय अन्तर्गत संचालन हुने फलफूल, तरकारी तथा मसलाबालीको उत्पादन, बीउ र बिरुवा सम्बन्धि कार्यमा सहयोग गर्ने ।
- ✓ प्रदेश स्तरमा बागवानी विकास सम्बन्धि नीति तथा कार्यनीति तयार गर्न कृषि तथा पशुपन्छी विकास मन्त्रमलय र कृषि विकास निर्देशनालयलाई सुझाव र सल्लाव दिने ।
- ✓ सरोकारवालाहरुसँग आवश्यक समन्वय गरि केन्द्रसँग सम्बन्धित बाली वस्तुमा विकसित नविनतम प्रविधिको फिल्ड परीक्षण गर्ने ।
- ✓ केन्द्र परिसर वा कमाण्ड क्षेत्र भित्र सम्बन्धित बालीको उत्पादन तथा उत्पादनोपरान्त प्रविधि सम्बन्धि समस्यामा आधारित स-साना कार्यमुखि(action oriented) अध्ययन, परिक्षणका क्रियाकलापहरु संचालन गरि प्रचार प्रसार गर्ने ।
- ✓ कृषि तथा पशुपन्छी विकास मन्त्रालय र कृषि विकास निर्देशनालयले तोकेको बागवानी सम्बन्धि अन्य कार्यहरु गर्ने ।

<u>प्रशासन शाखा</u>

- ✓ कर्मचारी प्रशासन सम्बन्धि कार्य गर्ने ।
- ✓ कार्यालयको लेखा तथा श्रेस्ता व्यवस्थापन सम्बन्धी कार्य गर्ने ।
- ✓ जिन्सी तथा स्टोर व्यवस्थापन गर्ने ।
- ✓ जनशक्ति व्यवस्थापन सम्बन्धि कार्य गर्ने ।
- ✓ तालुक निकायहरुबाट प्राप्त निर्देशन परिपत्र एवं राय सुझाव कार्यान्वयन गर्ने/गर्न सहयस्थानीय तथा उन्नत जातका फलफूल एवम् तरकारी बालीहरुका जर्मप्लाज्म संकलन सम्बर्द्धन।

<u>नागरिक वडापत्र (Citizen Charter)</u>

बागवानी विकास केन्द्र, त्रिशुली, नुवाकोट

नागरिक वडापत्र

क्र.सं.	प्रदान गरिने सेवाहरु	सेवा प्राप्त गर्न अपनाउनुपर्ने प्रकृया	लाग्ने शूल्क/ दस्तुर (रु)	सेवा प्राप्त गर्न लाग्ने समयावधि	जिम्मेवार व्यक्ति	गुनासो सुन्ने अधिकारी
१	फलफूल बिरुवा एवम् तरकारीको मूल/उन्नत बीउ विक्रि वितरण	सेवाग्राही स्वयं उपस्थित भई माग पेश गर्नुपर्ने	स:शुल्क/निर्धारित दर अनुसार	उपलब्धता अनुसार तत्काल	जिम्मेवारी प्राप्त प्राविधिक	व.बाग.वि.अ.
२	मौसमी तथा बेमौसमी तरकारी बेर्नाहरुको बिक्री वितरण	सेवाग्राही स्वयं उपस्थित भई माग पेश गर्नु पर्ने	स:शुल्क/निर्धारित दर अनुसार	उपलब्धता अनुसार तत्काल		व.बाग.वि.अ.
३	ताजा तरकारी एवम् फलफूल बिक्री वितरण	सेवाग्राही स्वयं उपस्थित भई	स:शुल्क/निर्धारित दर अनुसार	उपलब्धता अनुसार		व.बाग.वि.अ.

		माग पेश गर्नुपर्ने		तत्काल		
४	तरकारी एवम् फलफूल सम्बन्धि प्राविधिक जानकारी	सेवाग्राही स्वयं उपस्थित भई माग पेश गर्नुपर्ने	निःशुल्क	तत्काल		व.बाग.वि.अ.
५	तरकारी ,फलफूलको तथा आलङ्कारिक विरुवाहरुको जातीय संरक्षण, सम्बर्द्धन एवम् उपयुक्त जात छनौट तथा विकास	लिखित वा मौखिक माग गर्न सकिने	निःशुल्क	स्वीकृत वार्षिक कार्यक्रम एवम् कार्ययोजना अनुसार		व.बाग.वि.अ.
६	प्रभाव क्षेत्रमा फलफूल बगैंचा तथा तरकारी बाली अनुगमन, निरीक्षण एवम् प्राविधिक सेवा टेवा	लिखित वा मौखिक माग गर्न सकिने	निःशुल्क	स्वीकृत वार्षिक कार्यक्रम एवम् कार्ययोजना अनुसार		व.बाग.वि.अ.
७	प्रभाव क्षेत्रमा कृषि प्रसार कार्यक्रम (तालिम, शिविर, गोष्ठी, प्रदर्शन, प्रवर्धन, आदि) सञ्चालन	लिखित वा मौखिक माग गर्न सकिने	निःशुल्क	स्वीकृत वार्षिक कार्यक्रम एवम् कार्ययोजना अनुसार		व.बाग.वि.अ.
८	निजी क्षेत्रले उत्पादन गर्ने तरकारी बीउ, तरकारी बेर्ना तथा फलफूल बिरुवाको अनुगमन निरिक्षण गरि प्राविधिक परामर्श प्रदान गर्ने	लिखित वा मौखिक माग गर्न सकिने	निःशुल्क	स्वीकृत वार्षिक कार्यक्रम एवम् कार्ययोजना अनुसार		व.बाग.वि.अ.
सूचना अधिकारीः ठाकुर प्रसाद न्यौपाने (अधिकृत छैठौं), ९८५१२१९०६९			केन्द्र प्रमुखः रुकमेनी अधिकारी (प्रमुख), ९८५१२३००६९			
यस केन्द्रबाट सेवाग्राहीलाई प्रदान गरिने सेवा सम्बन्धि कुनै गुनासो वा समस्या भएमा केन्द्र प्रमुख (व.बाग.वि.अ.) लाई सम्पर्क गर्नुहोला ।						

६. निर्णय गर्ने प्रक्रिया र अधिकारी

यस कार्यालयबाट निर्णय गर्दा स्वीकृत कार्यविधिहरु र "सरकारी निर्णय प्रक्रिया सरलीकरण निर्देशिका, २०६५" लाई परिपालन गर्ने गरिएको छ। अधिकार प्रत्यायोजन भएका विषयहरुमा शाखा प्रमुखहरुबाट तत्काल निर्णय हुने व्यवस्था मिलाईएको छ भने कार्यालय प्रमुखबाट हुनु पर्ने निर्णयहरुको हकमा कर्मचारी बैठक बाट अनुमोदन र टिप्पणी प्रकृया अवलम्बन गरिने छ। यसका अलावा आन्तरिक तथा नियमित कार्यहरु सम्पादनका लागी मासिक बैठकहरुमा समेत निर्णय गर्ने व्यवस्था मिलाईएको छ भने कतिपय विषयवस्तुलाई छिटो छरितो रुपमा सम्पादन गर्नुपर्ने अवस्थामा सेवाग्राहीको निवेदनमा नै तोकआदेश गरी निर्णय प्रकृयालाई द्रुत तथा कार्यान्वयनलाई छरितो वनाउने व्यवस्था मिलाईएको छ ।

७. निर्णय उपर उजुरी सुन्ने अधिकारी

प्रचलित कानुन बमोजिम तोकिएको विषयमा सोही बमोजिम नै हुने छ भने अन्यको हकमा यस कार्यालयबाट गरिएका निर्णय उपर उजुरी गर्नु परेमा निर्णय गर्ने अधिकारी भन्दा एक श्रेणी माथीका अधिकारी समक्ष उजुरी गर्नु पर्ने छ। यसरी

सेवाग्राहीले प्रत्यक्ष रुपमा निवेदन मार्फत वा कार्यालयमा व्यवस्था गरिएको उजुरी पेटिकामा आफ्नो गुनासो वा उजुरी दिन सक्ने छन् । प्राप्त उजुरीहरुलाई नियमित रुपमा संकलन तथा विश्लेषण गरी व्यवस्थापन गर्न कार्यालय प्रमुख लाई गुनासो सुन्ने अधिकारीको जिम्मेवारी प्रदान गरिएको छ ।

८. सम्पादन गरेको कामको विवरण

- केन्द्रको सम्पूर्ण वार्षिक कार्यक्रमहरु संचालन गरेको
- खायन तथा बीउ आलु बीउ उत्पादन कार्य सम्पन्न गरि विक्रि वितरण गरिएको
- ९५६६ बीजु कागती, २३७५ कलमी कागती, १६७२५ मेकेडेमिया नट र २३६ कलमी र ६१३ बीजु एभोकाडो फलको विरुवा विक्री वितरण
- १५०००० भन्दा बढी विभिन्न तरकारीहरुका विरुवा उत्पादन तथा विक्री वितरण
- ८००० भन्दा बढी मौसमी फूलहरुको बेर्ना उत्पादन र विक्री सम्पन्न
- केन्द्रमा उत्पादन भएका कृषि उपज तथा फलहरुको विक्री वितरण
- फार्म व्यवस्थापनका कार्यहरु नियमित गरिएको
- हालसम्म ८९२५ लिचि, १८४१ आँपका विरुवाहरु, कटहर, चस्मे कागती, सापोटा, अंगुर जस्ता विभिन्न विरुवाहरुको विक्री वितरण गरेको
- प्लाष्टिक घर तथा टनेल मर्मत र सरसफाई कार्य सम्पन्न भएको
- ३८७१ हाईब्रिड मेवाहरुको विक्रि वितरण भईरहेको
- चोथो त्रैमासिक बैशाख-असार मसान्तसम्ममा रु. ३८,९०,९७५।- राजश्व संकलन भएको।

वार्षिक प्रगति विवरणः

बार्षिक पूँजीगत भारित प्रतिशतः	१००.	चौथो त्रैमासिक पुजीगत भारित	०.
बार्षिक चालु भारित प्रतिशत	९२.६७	चौथो त्रैमासिक चालु भारित	१००.
बार्षिक कुल भारित प्रतिशतः	९२.७६	चौथो त्रैमासिक कुल भारित	१००.
बार्षिक पूँजीगत वित्तीय प्रतिशतः	९६.६८	चौथो त्रैमासिक पुजीगत वित्तीय	०.
बार्षिक चालु वित्तीय प्रतिशतः	८८.५५	चौथो त्रैमासिक चालु वित्तीय	२३४.२७
बार्षिक कुल वित्तीय प्रतिशतः	८८.६७	चौथो त्रैमासिक कुल वित्तीय	२४५.५

- **यस आ.व. मा रु. ५,४०१,३९९।- राजश्व संकलन भएको।**

९. सूचना अधिकारी र प्रमुखको नाम र पद

सूचना अधिकारीः

नामः ठाकुर प्रसाद न्यौपाने

पदः अधिकृतस्तर छैठौं

सम्पर्क नं. ९८५१२१९०६९

कार्यालय प्रमुखः

नामः रुकमेनी अधिकारी

पदः बरिष्ठ बागवानी विकास अधिकृत, अधिकृतस्तर नवौं

सम्पर्क नं. ९८५१२३००६९

१०.ऐन, नियम, वा कार्यविधिको सूची

(१) ऐनहरू तथा नियमहरु

(१) बीउ विजन ऐन, २०४५ (दोस्रो संशोधन २०७९)

(२) प्रदेश बीउ विजन ऐन, २०७६

(३) कृषि व्यवसाय प्रवर्द्धन ऐन, २०७६

(४) विरुवा संरक्षण ऐन, २०६४ (पहिलो संशोधन २०७९)

(५) खाद्य अधिकार तथा खाद्य सम्प्रभुता सम्बन्धि ऐन, २०७५

(६) बीउ विजन नियमावली, २०८१

(७) सार्वजनिक खरिद ऐन, २०६३

(२) कार्यविधिहरू, मार्गदर्शन, मापदण्ड आदि

११.सार्वजनिक निकायको वेभसाईट भए सोको विवरण

https://hdctrishuli.bagamati.gov.np/

आधिकारिक फेसबुक पेज: https://www.facebook.com/horticentertrishuli

१२.सार्वजनिक निकायमा परेको सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिइएको विषय

औपचारिक किसिमबाट हालसम्म कसैबाट पनि सुचना माग नभएको ।तथापी, अनौपचारिक रुपमा कार्यालयमा आएर वा टेलिफोन मार्फत सम्पर्क गर्नेलाई सूचना एवं जानकारी दिने गरिएको ।

१३. सञ्चारका **सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सोको विवरण**

कार्यालयको website, सामाजिक सञ्जाल स्थानीय संचार माध्यमहरु तथा आवश्यकता अनुसार राष्ट्रियस्तरका आमसंचार माध्यमहरुबाट प्रकाशन तथा प्रसारण गर्ने गरिएको ।